# सञ्चार  प्रतिनिधी प्रवेश अनुमति पत्र सम्वन्धी व्यवस्था

आगामी संविधानसभा सदस्य निर्वाचनमा मतदानको दिन मतदान तथा मतगणना सम्वन्धी सूचना संकलन गर्न चाहाने स्वदेशी तथा विदेशी सञ्चार प्रतिनिधीहरुले सञ्चार प्रतिनिधी अनुमति पत्र प्राप्त गर्ने कार्यविधि :

1. सम्वन्धीत प्रशारण संस्था/प्रकाशन संस्थाको सिफारिस पत्र तथा सूचना विभागवाट जारी गरेको संचारकर्मी परिचय पत्रको आधारमा मात्र संचार प्रतिनिधी प्रवेश अनुमति पत्र दिईने छ ।
    - सम्वन्धित प्रकाशन/प्रसारण संस्थाले निर्वाचन सम्वन्धि सूचना संकलनका लागि संस्थाको तर्फवाट न्यूनतम संख्यामा खटिने संचारकर्मीहरुको नाम सिफारिस गरि आयोगको मिडिया सेन्टरमा पठाउने ।
    - नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभागवाट जारी भएको (म्याद कायम रहेको) सञ्चारकर्मी परिचयपत्र प्राप्त गरेका सञ्चारकर्मीहरुलाई मात्र यस्तो अनुमति पत्र प्रदान गरिने भएकोले त्यस्ता परिचय पत्र प्राप्त सञ्चारकर्मीको नाम मात्र सिफारिस गर्नुपर्नेछ ।
    - सूचना विभाग वाट जारी भएको म्याद कायम रहेको परिचयपत्रको फोटोकपी सहित सम्वन्धित व्यक्तिले सञ्चार प्रतिनिधि प्रवेश अनुमति पत्रको लागि निवेदन दिनु पर्नेछ ।
    - मतदानकार्यको व्यवस्थापनका दृष्टिले न्यूनतम संख्यामा मात्र अनुमतिपत्र जारी गर्न सकिने भएकोले एक प्रसारण/प्रकासन संस्थावाट वढी व्यक्तिको नाम सिफारिस भई आएमा आयोगले उपयुक्त ठानेको संख्यामा मात्र सञ्चार प्रतिनिधि प्रवेश अनुमति पत्र उपलब्ध गराउन सक्नेछ ।
2. विदेशी सञ्चार प्रतिनिधीको हकमा सूचना विभागवाट प्राप्त सञ्चारकर्मी परिचयपत्र र आफू सम्वद्ध संस्थाको परिचय पत्र पेश गरि सञ्चारकर्मी प्रवेश अनुमतिपत्र प्राप्त गर्न सक्ने ।
3. विदेशी सञ्चार प्रतिनिधी तथा उपत्यकाका नेपाली सञ्चार प्रतिनिधीहरुलाई आयोगको मिडिया सेन्टरवाट सञ्चारकर्मी प्रवेश अनुमति पत्र प्रदान गरिने ।
4. उपत्यका वाहिरका नेपाली पत्रकारहरुको हकमा सम्वन्धित निर्वाचन अधिकृतको कार्यालयवाट सञ्चार प्रतिनिधि प्रवेश अनुमति पत्र प्राप्त गर्न सकिने ।
5. यसरी प्रवेश अनुमति प्राप्त सञ्चार प्रतिनिधिले पत्रकार आचारसंहिता र संविधान सभा सदस्य निर्वाचन आचारसंहिता २०६४, सञ्चार माध्यमले पालना गर्नुपर्ने आचारसंहिता पूर्णरुपमा पालना गर्नुपर्नेछ ।